## खण्ड "ख"

५० अङ्क

४. 'खुला अर्थतन्त्र' तथा 'व्यापार उदारीकरण' को वर्तमान विश्व परिवेशमा नेपालको अर्थतन्त्रमा यसबाट परेका प्रभावहरूको विवेचना गर्दै नेपालको बढ्दै गएको व्यापार घाटा (Trade Deficit) लाई निश्चित सीमाभित्र राख्न अवलम्बन गर्नुपर्ने उपायहरू सिफारिस गर्नुहोस् । ३+३+४=१०

५. आवधिक योजना, त्रिवर्षीय खर्च संरचना, वार्षिक कार्यक्रम तथा आयोजना र तिनलाई क्रियाकलापमा बाँडफाँड गरी तर्जुमा भएको बजेट कार्यान्वयन गर्दा तालिका बनाई खरिद योजनाअनुरूप नै खरिद गर्दा पनि पूँजीगत बजेट लक्ष्यअनुरूप खर्च नभई समयतालिका भन्दा पर गएर आषाढ महिनामा मात्र बढी मात्रामा खर्च हुने देखिएको छ । हतारमा गरिएको खर्चले भौतिक संरचनाहरूको गुणस्तर कायम नहुन पनि सक्छ । आर्थिक मोलाहिजा मौलाउँदै गएको जनगुनासाहरू पनि छन् । यस्तै आशयका प्रतिवेदन पनि महालेखापरीक्षकको कार्यालयबाट वार्षिकरूपमा आउने गरेको छ । प्रस्तुत सन्दर्भमा विद्यमान समस्या र तिनका कारण विश्लेषण गरी कार्यान्वयनयोग्य समाधानहरू प्रस्तुत गर्नुहोस् । ६+७+७=२०

६. 'सार्वजनिक जवाफदेहिता' र 'उत्तरदायित्व' कुनै पनि लोकतान्त्रिक सार्वजनिक प्रशासनको कसी हो । यसको बेगर प्रतिनिधिमूलक राज्यव्यवस्थाको कल्पना गर्न सकिँदैन । आफूले गरेको कामप्रति जिम्मेवार हुने र सम्पादित कार्यमा उठेका प्रश्नहरूको उचित सम्बोधन गर्ने राज्यको प्रमुख दायित्व हो । हाल नेपालले सहकारितामूलक संघीय शासन प्रणाली अंगीकार गरेको छ र तीन तहमा फरक फरक सरकारहरू क्रियाशील छन् । तर सार्वजनिक क्षेत्रमा प्रतिकूल प्रभाव पार्ने कतिपय मुद्दामा समस्या पर्दा एक तहले अर्को तहलाई दोष थुपार्ने, जिम्मेवारीबाट पन्छिने, आफ्नो दल प्रतिकूलको सरकार भएमा असहयोग गर्ने वा समस्या प्रति बेवास्ता गर्ने प्रचलन बढ्दै गएको पाइन्छ । यसबाट सार्वजनिक जवाफदेहितामा ह्रास आई स्पष्ट जिम्मेवारी किटान गर्न पनि समस्या परिराखेको देखिन्छ ।

यस अवस्थाका कारणहरूको निर्क्योल गर्दै कसरी तीनै तहका सरकारलाई सार्वभौम जनताप्रति जिम्मेवार बनाउन सकिन्छ र तीनै तहले समन्वयात्मक तवरले कार्यसम्पादन गरी जनकेन्द्रित व्यवहार (People centric behaviour) लाई बढावा दिन सकिन्छ? व्यवहारिक उपायहरू सिफारिस गर्नुहोस् । साथै यस सन्दर्भमा हाल विद्यमान नीतिगत तथा संस्थागत व्यवस्थाहरू तथा भैरहेका प्रयासहरूको समीक्षा गर्नुहोस् । १०+१०=२०

:: समाप्त ::

# लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, आर्थिक प्रशासन/प्रशासन, लेखा/कानून, आठौं, उपप्रबन्धक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०४।२२

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय: प्रशासन र व्यवस्थापन

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. नेपालमा सार्वजनिक नीतिको तर्जुमा, कार्यान्वयन र मूल्यांकनको प्रकृया उल्लेख गर्दै मूल्यांकनबाट प्राप्त पृष्ठपोषण (Feedback) उपयोगको प्रभावकारी व्यवस्थाका लागि सुझावहरू प्रस्तुत गर्नुहोस् ।

५+५=१०

२. सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित गर्ने उद्देश्यले सार्वजनिक सेवा वडापत्र (Citizen Charter) को व्यवस्था गरिएको हो । यसको माध्यमबाट व्यवस्थापनले सेवाग्राहीलाई सेवाको प्रकृतिअनुसार लाग्ने समय, तिर्नुपर्ने दस्तुर तथा जिम्मेवार कर्मचारीबारे स्पष्ट जानकारी दिई सेवाको सुनिश्चितता दिने कटिबद्धता जाहेर गरेको हुन्छ । सेवामा ढिलाई भएमा व्यवस्थापनले उचित क्षतिपूर्तिसमेत दिने वाचा गरेको हुन्छ । तर हाल नेपालमा यस्तो वडापत्र जारी गर्दा सेवा प्रदायक (Service Provider) निकाय भरसक जोखिममा नपर्ने (Low Risk) हिसाबबाट वडापत्र तयार गर्ने गरेको देखिन्छ । ठूला ठूला बोर्डमा लामालामा वाक्यहरू अस्पष्टरूपमा लेख्ने र सेवाग्राहीले पढ्नै गाह्रो हुने ठाउँ र दूरीमा वडापत्र राख्ने गरिएको कारण बोर्ड तयार गर्न अनावश्यक खर्च मात्र हुने गरेको र सेवाग्राहीले लाभ लिन नसकेको बुझाई छ । यसर्थ सेवाग्राहीहरू अझै पनि बिचौलिया तथा दलालको फन्दामा पर्ने गरेका छन् ।

यस परिप्रेक्ष्यमा नेपालमा सार्वजनिक सेवा वडापत्रको प्रयोगको मौजुदा अवस्थाको समीक्षा गर्दै आगामी दिनमा के-कुन क्षेत्रमा के-कस्ता सुधारहरू गर्न आवश्यक देख्नुहुन्छ? व्यवहारिक सुझावहरू सिफारिस गर्नुहोस् ।

१०+१०=२०

३. नेपालमा पूर्ण क्षमताको वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थलको आवश्यकता महसुस भएको दशकौं भैसकेको छ । भैरहवा र पोखरामा क्षेत्रीयस्तरका अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि पनि Full-Fledged International Airprot को औचित्य समाप्त हुँदैन । विज्ञहरूको अध्ययनको निष्कर्षबाट निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न उपयुक्त हुने निष्कर्ष निस्किएको छ । यसको पूर्व तयारीका कार्यहरू भैरहेका पनि छन् । विस्तृत अध्ययन, जग्गा अधिग्रहण, रूख कटानका कार्यहरू अगाडि बढिसकेको छ । काठमाडौं तराई द्रुत मार्ग (Fast Track) सँग पनि यो जोडिएको छ । यो Game changer project पनि हो । तर पछिल्लो समयमा यो निजगढ विमानस्थलको औचित्य, आवश्यकतामाथि बहस छलफल भइरहेको छ । यसले वन क्षेत्र र वातावरणमा प्रतिकूल असर पार्ने र यसको विकल्प खोज्नुपर्ने प्रस्ताव पनि आइरहेका छन् । यसै विषयमा सर्वोच्च अदालतले पनि फैसला दिएको छ । सरकार र प्रमुख सत्ताघटकका दलहरू निजगढमै निर्माण गर्ने पक्षमा देखिएका छन् । यस परिप्रेक्ष्यमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्बन्धमा के-कस्ता चुनौती देख्नुहुन्छ? यस प्रकारका चुनौतीहरूलाई निराकरण गर्न अब सरकारको भावी योजना र रणनीति के-कस्तो हुनुपर्छ? यसको विकास निर्माण सञ्चालन विधि (Modality) के-कस्तो हुनुपर्छ? समाधानका उपायहरू र कार्यान्वयन गर्ने समयबद्ध योजना प्रस्तुत गर्नुहोस् ।

५+५+५+५=२०

क्रमशः